# पाखुरा, काँध र हातको असक्षमताहरु (DASH-NP)

## ड्याश अंक मापन

ड्याश दुईवटा विधाहरुमा नापिन्छ: असक्षमता/लक्षणका प्रश्नहरु (३० प्रश्नहरु, १-५ अंकित) र वैकल्पिक कार्य, खेलकुद/कला एकाई (४ प्रश्नहरु, १-५ अंकित)।

### असक्षमता/लक्षण अंक

अंक निकाल्नको लागि ३० मध्ये कम्तिमा २७ वटा प्रश्नहरु पुरा गरेको हुनुपर्छ। भरिएको जवाफलाई दिईएको मानलाई जोडिन्छ र औसत निकालि ५ पुर्णांकको अंक निकालिन्छ। त्यस अंकलाई १०० पुर्णांकमा रुपान्तरण गर्न १ घटाई २५ ले गुणा गरिन्छ। यस रुपान्तरण अंकलाई अरु मापनहरु (जुन ०-१०० मा नापिन्छ) संग तुलना गर्न सिजलो बनाउनको लागि गरिन्छ। एक उच्च अंकले धैरै असक्षमताको संकेत गर्छ।

ड्याश असक्षमता/लक्षण अंक =

$$\left\{\left(\frac{\text{n जवाफहरुको योगफल}}{n}\right) - १\right\} \times २५$$

जहाँ n भनेको पुरा गरिएको जवाफहरुको संख्या हो।

### वैकल्पिक एकाई

वैकल्पिक एकाईमा ४ वटा कुराहरु छन्, जुन प्रश्नको प्रकृति अनुसार व्यक्तिहरुले प्रयोग गरेको हुन अथवा नहुन सक्छ। यस वैकल्पिक एकाईको लक्ष्य काम गर्ने व्यक्तिहरुले अनुभव गर्न सक्ने बिशेष कठिनाईको पत्ता लगाउनु जुन कठिनाईले उनिहरुको दैनिक गतिविधिमा असर नपार्न सक्छ र फलस्वरुप ड्याशको ३० प्रश्ने भागबाट पत्ता नलाग्न सक्छ।

माथि व्याख्या गरिएको प्रकृयाबाटनै वैकल्पिक एकाईको अंक नकालिन्छ। अंकको हिसाब गर्न सबै प्रश्नहरुको जवाफ दिनै पछ। प्रत्येक जवाफलाई दिईएको मानहरु जोड्नुस र ४ (प्रश्नहरुको संख्या) ले भाग गर्नुहोस्; १०० मा अंक निकाल्न १ घटाई २५ ले गुणा गर्नुहोस्।

### छुटेका प्रश्नहरु

यदि १०% भन्दा धैरै प्रश्नहरु (अर्थात, ३ वटा भन्दा धैरै प्रश्नहरु) प्रतिकृयावादि द्वारा खालि छोडिएको छ भने तपाईले ड्याश असक्षमता/लक्षण अंकको हिसाब गर्न सक्नहुन्न। यहि नियमानुसार (अथार्त, १०% भन्दा धैरै खालि छोड्न मिल्दैन), वैकल्पिक एकाईमा मात्र ४ वटा कुराहरु मात्र भएकोले कुनै पनि मानको छुटाई सैह्य हुने छैन।

© Institute for Work & Health 2006. All rights reserved.
Nepali version, Sudarshan KC BPT, The University of Sydney, Australia